YUNNAN DAILY PRESS GROUP
云南日报报业集团
Issue No. 16

# CHINA · YUNNAN

YUNNANEXPRESS
english.yunnan.cn

JANA AASTHA NATIONAL WEEKLY
वर्ष २५, अंक १६, २०७६ साल असार ११ गते बुधवार
YEAR 25, ISSUE 16, JUNE 26, 2019



# व्यापार मेला : गहिरो सहयोग र अवसरको सिर्जना




*कुनमिङ डियानची अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्रमा १२ जुन २०१९ मा आयोजित दक्षिण एसिया र दक्षिणपूर्व एसियाका देशका कमोडिटी प्रदर्शनी एवं लगानी तथा व्यापार मेलाको उद्घाटन सत्र*

जुन १२ देखि १८ सम्म दक्षिण एसिया र दक्षिणपूर्व एसियाका देशका कमोडिटी प्रदर्शनी एवं लगानी र व्यापार मेला (संक्षिप्तमा व्यापार मेला) कुनमिङ डियानछी अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्रमा आयोजित भएको छ।

युन्नान प्रान्तीय कम्युनिस्ट कमिटीका सचिव एवं प्रान्तीय जनप्रतिनिधि सभाका स्थायी समितिका अध्यक्ष चेन हाउले भने, यस वर्षको अप्रिलमा दोस्रो 'वेल्ट एण्ड रोड' अन्तर्राष्ट्रिय सहयोग शिखर सम्मेलन बेइजिङमा सफलतापूर्वक आयोजित भएको थियो। सबै पक्षले 'वेल्ट एण्ड रोड'को उच्च गुणस्तरीय निर्माण अघि बढाउन सहमति जनाए। यस जुन महिनामा चिनियाँ राष्ट्रपति सी चिनफिङले २३ औं सेन्ट पिटर्सबर्ग अन्तर्राष्ट्रिय आर्थिक फोरमको पूर्ण सत्रमा भाषण दिँदै 'वेल्ट एण्ड रोड' सहयोगको सार झन् गहिरो पार्नुभयो। युन्नान प्रान्तले 'वेल्ट एण्ड रोड' निर्माणमा सक्रियतापूर्वक भाग लिइसकेको छ र देशविदेश खासगरी छिमेकी देशहरूसँगको बजार सम्पर्क घनिष्ठ हुँदै, आपसी सहयोग र साझेदारी गहिरो हुँदै जाँदैछ। यस वर्षको व्यापार मेलाका उद्देश्य यिनै हुन् : आर्थिक विश्वव्यापीकरणको ऐतिहासिक प्रवृत्ति र विश्व प्रशासन प्रणालीको सुधारको माग तथा सबै देशका जनताको सुन्दर जीवनप्रतिको प्रबल इच्छा अनुपालन गर्ने, सह-परामर्श, सह-निर्माण र साझेदारीको सिद्धान्त र स्थायी विकासको अवधारणा कायम गर्ने, चीन, युन्नान र दक्षिण एसिया तथा दक्षिणपूर्व एसियाका देशहरूबीचको पारस्परिक लाभ बढाउनेछ। साथै विभिन्न देशहरूबीचको अन्तरक्रिया प्रभावकारी बनाउने, आर्थिक वृद्धि बलियो पार्ने, मुक्त व्यापार, सुविधाजनक लगानी, सुचारु आदानप्रदान, घनिष्ठ सहयोग र सम्पर्क तथा जनजीवन अझ राम्रो गराउने गरी 'वेल्ट एण्ड रोड' उच्च गुणस्तरीय विकासतिर बढाउनेछ।

व्यापार मेलामा सहभागीहरूले भने, दक्षिण एसिया र दक्षिणपूर्व एसियाका देशहरू चीनका छिमेकी देश हुन्, मानव भाग्य समुदाय निर्माणको महत्त्वपूर्ण साझेदार हुन् र लामो समयदेखि 'वेल्ट एण्ड रोड' निर्माणमा भाग लिएर सक्रियतापूर्वक समर्थन गरेका छन्। युन्नानमा व्यापार मेला र चीन-दक्षिण एसिया सहयोग फोरम

## आकर्षक युन्नान

आयोजित गर्नाले उच्च गुणस्तरीय प्लेटफर्म बनाउने र सहयोगको थप अवसरहरू सिर्जना गर्नेछ। अनि चीन र 'वेल्ट एण्ड रोड' सम्बद्ध देश र क्षेत्रबीचको आदानप्रदान र सहयोग अगाडि बढाउन, नीतिको सम्पर्क, सडकको कनेक्टिभिटी, व्यापारको सुचारुता, मुद्राको प्रचलन र मानिसको दिलको संवाद बढाउन यसको ठूलो महत्व छ।

यस पटकको व्यापार मेलामा १४ कार्यक्रमहरू समावेश छन्। ७४ देश, क्षेत्र र अन्तर्राष्ट्रिय संस्थाहरूबाट र २० चिनियाँ प्रान्त, स्वायत्त क्षेत्र र नगरबाट आएका ३३४८ कम्पनीहरू यस मेलामा उपस्थित भएका छन्, जसमा विश्व शीर्ष ५०० कम्पनीहरूमध्ये २० वटा, चीनका शीर्ष ५०० उद्यमहरूमध्ये १८ वटा छन्। यस मेलामा पहिलो पटक डिजिटल युन्नान प्रदर्शन क्षेत्र स्थापित भयो र ४ K, आर्टिफिशियल इन्टेलिजेन्स आदि विभिन्न डिजिटल प्रविधिहरू प्रदर्शित भए। मेलामा पहिलो पटक 'वेल्ट एण्ड रोड' लगानी सहयोग हल स्थापित भई युन्नानमा लगानी आकर्षणको प्लेटफार्म, नीति, औद्योगिक विशेषता र व्यापारिक वातावरणको प्रदर्शन गरिएको छ। साथै पहिलो पटक हरियो ऊर्जा केन्द्र पनि स्थापित गरेको छ।

*(ली शाओमिङ सिओं यान चाङ यिन)*

## सत्तरी वर्षको प्रशंसा

### 'पुनरुत्थान' हाइस्पीड रेलको चमत्कार

**सम्पादकको टिप्पणी :** २०१९ साल चीन जनवादी गणतन्त्रको स्थापनाको ७०औं वर्षगाँठ हो। गत सत्तरी वर्षमा, चीनले एउटा गरिब र कमजोर देशलाई आजको संसारमा दोस्रो ठूलो अर्थतन्त्र बनाएको छ। व्यापक राष्ट्रिय शक्तिको ऐतिहासिक प्रगतिले विश्वको ध्यानाकर्षण गरेको छ। यस अंकमा 'प्रशंसनीय ७० वर्ष' विशेष स्तम्भमा हामी चीनको 'उच्च रेल गति' तपाईंहरूलाई जानकारी दिन्छौं।

चीन अब संसारमा सबैभन्दा लामो दूरीको हाइस्पीड रेलको सुविधा पाएको, निर्माणधीन परिमाण पनि सबैभन्दा ठूलो र उच्चतम गतिले व्यवसाय गरेको देश हो। 'पुनरुत्थान' ईएमयू चीनमा मानक ईएमयूको चिनियाँ नाम हो। यो चीन रेलवे निगमको नेतृत्वमा बनाएको, पूर्ण बौद्धिक सम्पदा अधिकार भएको र विश्वव्यापी उच्चस्तर सहितको ईएमयू रेल हो। २०१७ को जुन २५ तारिख, 'पुनरूत्थान' ईएमयू बेइजिङ-शाङघाई रेलमार्गमा पहिलो पटक आधिकारिक रूपमा संचालित भयो।

२०१९ बेइजिङ विज्ञान र प्रविधिको हप्ता प्रदर्शनी साइटमा प्रतिघण्टा २५० किमि भन्दा माथिका मालवाहक 'पुनरुत्थान' रेलको ईएमयू मोडेलको प्रर्दशन गरिएको थियो। यो नयाँ प्रकारको मालवाहक 'पुनरुत्थान' ईएमयूले ६००-१५०० किमि लामो दूरीमा द्रुत गतिमा ढुवानी गर्न लायक छ। यो रेल रसद सेवाहरू विस्तारको लागि महत्त्वपूर्ण छ। मालवाहक ईएमयू बाहेक, यात्रीवाहक ईएमयूका पनि नयाँ प्रकारको रेल प्रयोग गरिनेछ। बेइजिङ-चाङज्याखौ हाइस्पीड रेलमा प्रयोग गरिएको बुद्धिमान ईएमयूले पहिलो पटक चीनद्वारा स्वतः निर्मित बेइडोउ उपग्रह नेभिगेशन प्रणालीलाई प्रयोग गरी विश्वमा पहिलो पटक ३५० किलोमिटर प्रतिघण्टामा ओटोमोटिक ड्राइभिङ प्राप्त हुनेछ।

*(जन दैनिक अखबार)*

## छिमेकी

### व्यापार मेलामा नेपाली युवाहरू व्यापारिक अवसर खोज्दै



जुन १२ देखि १८ सम्म आयोजित व्यापार मेलामा दक्षिण एसिया हल कुनमिङ डियानची अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्रमा स्थापित भएको छ। दक्षिण एसिया हलमा दक्षिण एसियाली देशका विशेष गहना, हस्तशिल्प, फर्निचर र पोशाकहरू भरिएका छन्। नेपाल प्रदर्शन क्षेत्रमा स्कार्फ, शल र थान्काहरू थुप्रै ग्राहकहरूलाई आकर्षित गरेको छ।

२३ वर्षिय नेपाली केटा कुमार र उनका साथीहरू स्कार्फ र सल बेचिरहेका छन्। १० मिनेट पुग्दा नपुग्दै केही चिनियाँ पर्यटकहरूले लगभग ७०० युआनको स्कार्फ किने। 'म पहिलो पटक चीनमा आएको हुँ। म धेरै खुशी छु कि व्यवसाय यति राम्रो छ!' उनले प्रदर्शन बुथ मिलाउँदै खुसीका साथ भन्छन्।

कुमार चिनियाँ भाषा राम्रो बोल्छन्। आश्चर्यजनक कुरा के हो भने उनको चिनियाँ भाषा सबै आत्म अध्ययन गरी सिकेको हो। पाँच वर्षअघि, कुमार टूर गाइड गर्न थाले। केही वर्षयता नेपाल भ्रमण गर्ने चिनियाँ पर्यटकहरूको बढ्दो संख्याको कारण, उनले चिनियाँ भाषा सिक्ने निश्चय गरे। इन्टरनेटमा आत्म अध्ययन र चिनियाँ पर्यटकहरूसँग कुराकानीको माध्यमबाट उनको चिनियाँ स्तर राम्रो हुँदै जान्छ। भाषा जानिसकेपछि बढीभन्दा बढी चिनियाँ पर्यटकहरू उकहाँ आउँछन्। टूर गाइडका साथै उनी अहिले होटल पनि चलाउँछन्। केही मित्रहरूले उनको चिनियाँ भाषा राम्रो छ सुनेपछि उनलाई कुनमिङ व्यापार मेलामा आएर नेपाली विशेष हस्तशिल्पहरू चिनियाँ बजारमा ल्याउन निम्तो दिए। 'मलाई आशा छ कि चिनियाँ अतिथिहरूले नेपाली हस्तशिल्पहरू मन पराउन सक्छन् र प्रदर्शनी प्लेटफार्मको माध्यमबाट अझ बढी मानिसलाई म पनि चिन्न सक्छु अनि धेरै चिनियाँ साथीहरू नेपालको सुन्दरताको अनुभव गर्न निम्त्याउँछु।' कुमारले उत्साहका साथ भने। *(ल्यू जीयु)*

### जवाहरात मात्र चम्किँदैन श्रीलंकामा

श्रीलंका यस वर्षको व्यापार मेलाको शीर्ष मुलुक हो। त्यसको प्रदर्शन हलमा मुख्य 'उत्पादन' कोलम्बो बन्दरगाह नगर परियोजना हो। कोलम्बो बन्दरगाह नगर परियोजनाको बालुवा टेबुल मोडेल प्रदर्शन कक्षको सबैभन्दा महत्वपूर्ण स्थानमा राखिएको छ। हेर्दाखेरि एक आधुनिक मनोरञ्जन, प्रदर्शन, घाट, वित्तीय परिसरको मनोहर दृश्य छ। दुई वर्षपहिले यो एउटा विशाल महासागर थियो, तर आज यो २६९ हेक्टर भूमि हो जो निर्माणधीन रहेको छ।

'वेल्ट एण्ड रोड'को मुख्य परियोजनाको रूपमा रहेको कोलम्बो बन्दरगाह नगर एक नयाँ व्यापारिक नगर बन्नेछ र कोलम्बोको अन्तर्राष्ट्रियीकरणको स्तर बढाउनेछ। 'हामी चिनियाँ कम्पनीहरूलाई कोलम्बोमा लगानी गर्न हार्दिक स्वागत गर्दछौं।' १२ जुनमा श्रीलंका विकास रणनीति एवं अन्तर्राष्ट्रिय व्यापार मन्त्रालयका उपमन्त्री नलिन बन्दारा जयमहाले चीनलई ईमान्दार निमन्त्रणा पठाए।

यस व्यापार मेलामा श्रीलंकाले कुल १४४ बूथहरू पाएको छ। श्रीलंकाका व्यापारीहरूले भने, व्यापार मेला एक धेरै राम्रो प्लेटफार्म हो। यसले श्रीलंकाका उत्पादनहरूलाई अझ बढी प्रदर्शनको अवसर दिएको छ। छ वर्षदेखि कुनमिङ आएर दक्षिण एक्सपो र व्यापार मेलामा भाग लिएका श्रीलंकाली गहना व्यापारी दिनुश स्वा आफ्ना बूथ अगाडि लाल जुवाहरात पुछिरहेका छन्। उनी भन्छन्, 'हाम्रो परिवार सन् १९६८देखि गहना कारोबार गर्दैआएको छ। हालको वर्षमा यातायातको सुविधा र मैत्रीपूर्ण व्यवसाय वातावरणले चीन र युन्नानसँग हाम्रो सम्पर्क दिनदिनै बढिरहेको छ। मेरो व्यवसाय पनि श्रीलंका बाहिर गएको छ। म लगभग हरेक महिना चीनमा एक पटक आउँछु, र मैले ल्याएका मालहरू एक वर्षभन्दा अर्को वर्षमा बढी छ।' *(वाङ हवान स्योंयान छु तुङह्वा)*

# कुनमिङ कलेजमा युन्नान तरकारी लोकप्रिय

'के तपाईंहरूले युन्नानमा विशेष गानबा च्याउबाट बनाइएको मार्टिनीको स्वाद लिनुभएको छ ?' कक्षा कोठामा कुनमिङ पर्यटन कलेजका प्रमुख ट्यान फूरूङले अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई प्रश्न गरिन्। कुनमिङ कलेजमा यस्ता दृश्यहरू सधैं देखिन्छन्। प्रत्येक देशका खाने सामग्रीहरू र युन्नान (ड्यान) शैलीका तरकारीहरू

## शिक्षा

मिसिएर नयाँ स्वाद पैदा हुन्छ। सन् १९९४ मा ट्यान फुरूङले बर्टेन्डरको योग्यता पाइन्।

१९९६ देखि उनले ककटेल बनाउने व्यावसायिक शिक्षामा संलग्न हुन थालिन्। उनी युन्नान प्रान्तमा पहिलो शिक्षिका हुन्, जो ककटेल बनाउने शिक्षामा कार्यरत छिन्। सहकर्मीहरूसँग अलिअलि काम गरेर २० वर्ष भन्दा बढी कडा परिश्रमपछि उनले कुनमिङ कलेजको युन्नान तरकारी प्रशिक्षण क्षेत्रमा आफ्नो प्रभाव बढाएकी छन्। हालमा कुनमिङ कलेजको होटल व्यवस्थापन युन्नानमा पहिलो स्थानमा आएको छ, र पाक विद्या सारा देशमा चौथो स्थानमा रहेको छ, जसले गर्दा धेरै देशविदेशका विद्यार्थीकहरू कलेजको नाम सुनेर आउँछन्। सुरुमा कुनमिङ कलेजले अन्तर्राष्ट्रिय विद्यार्थीहरूको लागि १-२ महिनाको छोटो तालिम कक्षा मात्र खोले, २०१७ सालदेखि कुनमिङ कलेजअन्तर्गत पर्यटन कलेजले BHM (होटल व्यवस्थापन) अन्तर्राष्ट्रिय स्नातक कक्षाहरू भर्ना गर्न थाले। बंगलादेश, नेपाल, केन्या र अन्य देशका विद्यार्थीहरू आकर्षित भएर यहाँ प्रवेश गर्छन्। धेरै विद्यार्थीले भन्छन्, युन्नानको खाना संस्कृति विविध र समावेशी छन्। युन्नान आएर अध्ययन गर्नु उनीहरूलाई धेरै सहयोग दिनसक्छ।

*(वाङ हुवा सिऔं यान छु तोङह्वा ली वेन जुन)*

# शाङ्घृ ला घोडा दौड महोत्सव : वर्षमा एकपल्ट भव्य कार्यक्रम

जुलाई ७ तारिख, विभिन्न स्थानहरूबाट आएका घोडा टोली, शुटिङ टोली, तीरन्दाजी टीमका सम्पूर्ण खेलाडीहरू युन्नान डिछिङ तिब्बती स्वायत्त प्रदेशमा भेला भए। यस दिनमा २०१९ डिछिङ शाङघृ ला ड्रेगन दिवस र घोडा दौड दिवस एवं चिनियाँ पर्यटक समूहको पहिलो 'टाइमको उपहार' शाङघृ ला टुरिज्म संस्कृति दिवस शाङघृ ला नगरको नेशनल स्टेडियममा उद्घाटित जात्रामा भाग लिन एकदम मन पर्छ। प्रतियोगिताको क्षेत्रमा खेलाडीहरू कडा प्रतिस्पर्धा गर्दै छन् भने प्रतिस्पर्धी क्षेत्रबाहिर सबै जना एक परिवार जस्तै दूध चिया मक्ख परी पिउँदै, तार बजाउँदै र नाचगान गर्दैछन्। शाङ्घृ लाको गजा गाउँबाट आएको घोडा टोली यस वर्षको सबै सहभागी टोलीहरूमध्ये सबैभन्दा ठूलो हो। यस टोलीका ३० भन्दा बढी घोडाहरू, १८



भयो। शाङ्घृ ला घोडे जात्रा डिछिङ स्वायत प्रदेशको एक भव्य परम्परागत उत्सव हो। यो स्थानीय र वरिपरिका जनताको गर्मी ऋतुमा एक भव्य सभा हो। यसदिन बच्चाहरू पनि जात्राको थलोमा पुर्‍याइन्छन्। यस वर्षको सम्पूर्ण पर्व १४ दिनसम्म मनाइनेछ।

'घोडा दौड हाम्रो तिब्बतीहरूको पुरानो परम्परा हो। प्राय सबै केटाहरू घोडा चढ्न सक्छन्। मैले पनि ८ वर्षको उमेरमा घोडा चढ्न सिक्न थालें।' १८ वर्षिय क्यू सान डुन्गुजुङ सिचुआन प्रान्तको गान्जी तिब्बती स्वायत प्रदेशको खाङ दिङ नगरबाट आएको हो। यो उनी दोस्रो पटक प्रतियोगितामा भाग लिन आएको हो। घोडालाई ठाउँमा परिचित गराउन आधा महिनाअघि उनी घोडा लिएर शाङ्घृ ला आए। उनले भने, मलाई शाङ्घृ ला घोडे

## संस्कृति

जना व्यक्तिहरू छन् र गाउँभरिका ४९०० जनामध्ये लगभग १००० भन्दा बढी मानिसहरू खेल तमाशा हेर्न आए। टोलीका उपनेता चाङ चिजुनले घोडालाई सुम्सुम्याउँदै भने, 'हाम्रो टोली १९८३ मा स्थापित भएको हो। घोडा दौड प्रतियोगिता हाम्रो परम्परागत प्रचलन हो। हरेक वर्ष हामी प्रतियोगितामा भाग लिन आउँछौं। बूढापाकाहरू बूढा भएकाले जात्रा छोड्छन्, नयाँ पिढी फेरि जारी गर्छन्। यसरी एक वर्षपछि फेरि अर्को वर्ष बित्दै जाँदा यो प्रतियोतिता एउटा पार्टी जस्तै छ, जुन कहिल्यै पनि टुंगिने छैन।' *(याओ चेङचेङ ली वेनजुन)*

# पर्यटकहरुका लागि युलुङ हिमाल लोकप्रिय

जुन ६ तारिखमा, युन्नान लिजियाङ युलुङ हिमाल पर्यटकीय क्षेत्रले ५ करोड पर्यटक पायो। चीनका जियाङसु प्रान्त नानकिङ शहरबाट आएका चिउ जेंग 'भाग्यशाली यात्री' बने। उनले जीबनभर निःशुल्कमा युलुङ हिमाल भ्रमण गर्न पाइन्। चिउ जेंगले भनिन्, लिज्याङ र युलुङ हिमालमा यात्रा गर्नु यो उनको पहिलो पटक हो। भ्रमणको क्रममा युलुङ हिमालको पवित्र र उत्कृष्ट प्राकृतिक दृश्यले उनलाई गहिरो प्रभाव पारेको थियो। यी सुन्दर स्थानका कर्मचारीहरू र वरपरका




## पर्यटन

बासिन्दाहरूले हिमाल पारिस्थितिक वातावरणको संरक्षण गरेको उनलाई महसुस भयो। भविष्यमा उनी लिजिआङका प्राकृतिक सुन्दरता र परम्परागत संस्कृतिलाई आफन्त र साथीहरूसँग परिचित मात्र गर्दिनन्, हिमालको संरक्षण र पर्यटनको प्रचारको काममा पनि सकेसम्म भाग लिनेछिन्। र हिमालहरूको संरक्षण र प्रकृतिको सम्मान गर्ने पारिस्थितिक अवधारणा फैलाउनेछिन्।

सन् १९९४ मा युलुङ हिमाल संरक्षित पार्क खोलेदेखि आजसम्म संरक्षण र विकास दुई ठूला विषय राखिएको छ। अहिले हिमपात पार्क, इम्प्रेस लिजिआङ' आदि प्राकृतिक र सांस्कृतिक पर्यटन उत्पादनहरू बनाएको छ। साथै टेक्नोलोजी र बुद्धिमत्तीकरण पार्कमा प्रयोग बढ्दै गएको छ। २०१८ मा युलुङ हिमालले कुल ४३ लाख २० हजार पर्यटकहरू सत्कार गर्‍यो र २०१७ वर्षको तुलनामा १५% वृद्धि भयो। २०१९ जनवरीदेखि मार्चसम्म तीन महिनामै युलुङ हिमाल क्षेत्रले ९ लाख ६१ हजार ९ सय पर्यटकहरू आकर्षित गरे र गत वर्षको त्यही अवधिको तुलनामा ३१% बढ्यो। *(लेखक : कांग पिंग, फोटोग्राफर : सिन्हवा एजेन्सी रिपोर्टर चिन चिंग)*

*नेपालीबाट चिनियाँमा अनुवाद : ह ठाव रूङ*

# 'कहिल्यै नटुंगिने दक्षिण एक्सपो' एवं दक्षिण एसिया र दक्षिणपूर्व एसिया आयात कमोडिटी प्रदर्शनी केन्द्र उद्घाटन

यस पटकको व्यापार मेलामा 'कहिल्यै नटुंगिने दक्षिण एक्सपो' एवं दक्षिण एसिया र दक्षिणपूर्व एसिया आयात कमोडिटी प्रदर्शनी केन्द्र कुनमिङ डियानची अन्तर्राष्ट्रिय सम्मेलन र प्रदर्शनी केन्द्रमा खोलिएको छ।

चिनियाँ कम्युनिस्ट पार्टीका युन्नान प्रान्तीय समितिका उपसचिव एवं प्रान्तीय प्रमुख रुआन चेङफाले भने, 'कहिल्यै नटुंगिने दक्षिण एक्सपो' चीन-दक्षिण एसिया एक्सपोको विस्तृत रूप हो। चीन र दक्षिण एसिया एवं दक्षिणपूर्व एसियाका देशहरूसँगको खुला सहयोग र पारस्परिक लाभ गहिरो पार्नका लागि यसको ठूलो महत्त्व छ।

रुआन चेङफाले भने, युन्नान सरकार 'कहिल्यै नटुंगिने दक्षिण एक्सपो'लाई एक उच्चस्तरीय र सिर्जनात्मक प्लेटफार्म बनाउन अपेक्षित र प्रतिबद्ध छ। यसलाई बजार-आधारित तरिकामा संचालित गर्ने, दक्षिण एसिया र दक्षिणपूर्व एसियाका देशका प्रसिद्ध उत्पादनहरू प्रदर्शन र बिक्री गर्ने उच्चस्तरीय र उच्च मापदण्डको प्रदर्शनी र व्यापारिक केन्द्र बनाउनेछ। साथै यसलाई पारस्परिक लाभ र जीत-जीत हुने सहयोग प्लेटफार्मको निर्माण गरी दक्षिण एसिया एवं दक्षिणपूर्व एसियाका देशका सम्बद्ध पक्षहरूसँग परामर्श, सह-निर्माण र साझेदारी गर्नेछ। विश्वप्रति खुला प्लेटफार्म बनाउने गरी दक्षिण एसिया एवं दक्षिणपूर्व एसियाका देशलगायत सारा संसारका देशहरूलाई आफ्ना कमोडिटी चिनियाँ बजार प्रवेश गर्नका लागि बहुपक्षीय, बहुरूपी र विविध सेवाहरू उपलब्ध गराउनेछ र युन्नान र चीनसमेतका नयाँ सुधार र खुलापन र आर्थिक वैश्वीकरणको विकासको महत्वपूर्ण संझ्याल बनाउनेछ।

**थप पढ्ने सामग्री**

'कहिल्यै नटुंगिने दक्षिण एक्सपो'मा चीन अन्तर्राष्ट्रिय आयात एक्सपोजस्तै राष्ट्रिय छवि केन्द्र र विशेष कमोडिटी व्यापार केन्द्र दुई ठूला हल स्थापित गरिएको छ, जसको क्षेत्रफल हरेकका १० हजार वर्गमिटर छ। यिनीहरूमा राष्ट्रिय छवि केन्द्रमध्ये १८ वटा दक्षिण एसिया र दक्षिणपूर्व एसियाका देशका प्रदर्शनी क्षेत्र छन्। अहिले १६ वटा देशहरू यहाँ आकर्षित भएर प्रवेश गरेका छन्। विशेष कमोडिटी केन्द्रमा ७ वटा ठूला व्यापारिक क्षेत्र छन्। वर्तमानमा दक्षिण एसिया

## वेल्ट एण्ड रोड

र दक्षिणपूर्व एसियाका देशका २० वटा वाणिज्य च्याम्बर र प्रसिद्ध उद्यमहरू प्रवेश गरेका छन्। 'कहिल्यै नटुंगिने दक्षिण एक्सपो'मा भन्सार रक्षित सामानको प्रदर्शन र भन्सार भुक्तानी सामानको बिक्री, अनलाइन र अफलाइन, थोक र खुद्रा बिक्रीको एकीकरण गर्ने तरिकामा वर्षभरि दक्षिण एसिया र दक्षिणपूर्व एसिया देशका प्रसिद्ध र विशेष उत्पादनहरू प्रदर्शन र बिक्री गर्नेछ। अनि उत्पादनहरूको प्रतिस्पर्धी सक्ति बढाउने गरी उच्चस्तीरय र उच्च गुणस्तरको प्रदर्शनी केन्द्र बनाउनेछ र लगातार प्रदर्शनीको प्रभाव बढाउनेछ र 'कहिल्यै समाप्त हुने' ब्रान्ड बनाउन कोसिस गर्नेछ। *(चेङ शाओपो हान चेङयुआन)*